कार्यविधि नं. ९
कार्यपालिकाबाट स्वीकृत मिति:
२०७९/११/१६

# प्यूठान नगरपालिका

# दुग्ध उत्पादन र बजारीकरणमा आधारित अनुदान कार्यविधी, २०७९

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार प्यूठान ,
लुम्बिनी प्रदेश

# दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७९

**पृष्ठभूमी:**

प्यूठान नगरपालिकावाट चालु आ. व. २०७९/०८० देखि पशुजन्य पदार्थको उत्पादन वृद्धि गर्न, त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गरी वजारीकरण गर्न आवश्यक पर्ने लगानी (Input) हरुमा मात्र अथवा उत्पादनमा आधारित अनुदान सहायता उपलब्ध गराउने लक्ष्य रहेको छ । विगत आ.व. हरुमा अनुदान लिएका मध्ये केहि अनुदानकर्ताहरुले अनुदान लिएर प्रभावकारी रुपमा कार्य संचालन नगरेको पाईएकोले यस आ.व. देखि उत्पादनमा आधारित अनुदान कार्यक्रम पाईलटका रुपमा संचालन गर्न लागिएको छ ।

कृषकहरुको मागको आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ बढि प्रोत्साहित गर्न उत्पादित दुधको परिमाण गुणस्तर र वजारिकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित वजारमा गुणस्तरीय दुध प्रबाह वढ्नेछ भने अर्कोतर्फ दुध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी वढाउन यो अनुदान पाईलटको रुपमा दुग्ध उत्पादक सहकारी संस्था वा अन्य दुधको कारोवार गर्ने सहकारी मार्फत दुध विक्रि गर्ने कृषकहरुलाई उत्पादनको परिमाणमा आधारित रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले प्यूठान नगरपालिकाले दुध उत्पादन वजारीकरणका आधारमा अनुदान पाईलट कार्यक्रमलाई व्यवस्थित सरल, सहज र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो कार्यविधी तयार पारेकोछ ।

**१) प्रारम्भिक:**

**क. संक्षिप्त नाम र प्रारम्भ:**

१. यो कार्यविधीको नाम दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७९ रहेकोछ ।

२. यो कार्यविधी प्यूठान नगरपालिका नगरकार्यपालिकाको बैठकबाट स्विकृत भए पछि लागु हुनेछ ।

**२) परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

१. "कृषक" भन्नाले पशुपालन गरि दैनिक रुपमा दुध विक्री गरिरहेकोलाई सम्झनु पर्दछ ।

२. "कार्यविधी" भन्नाले दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम संचालन कार्यविधी, २०७९ लाई सम्झनु पर्दछ ।

३. "कार्यपालिका" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित कार्यपालिकालाई सम्झनु पर्दछ ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर उपप्रमुख

४. "नगरपालिका" भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ।

५. "कार्यालय" भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

६. "प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

७. "उप-प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

८. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

**३) उदेश्य:**

१. अनुदान वितरण नीतिलाई प्रकृयामुखि तर्फ लैजाने।

२. दुध उत्पादन क्षेत्रलाइ प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवम् दिगो व्यवसाय वनाउन प्रोत्साहित गर्ने।

३. अनुदानको सहि, दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने।

४. साना कृषकहहरुलाई समेत दुध उत्पादनमा संगठित वजारमा प्रवाह गर्ने।

५. नगरपालिकाको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरताको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

**४) <u>कार्य संचालन प्रकृया:</u>**

१. प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुध उत्पादक सहकारी संस्था वा अन्य दुधको कारोवार गर्ने कृषि सहकारी संस्थाहरुका लागि प्रस्तावना निवेदन आव्हान अनुसूची १ वमोजिम गर्नेछ।

२. यस कार्यक्रममा सम्मिलित हुन सहकारीको मापदण्ड पुरा गरेका ईच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसूची २ वमोजिमको निवेदन पेश गर्नुपर्नेछ।

**५) <u>सहकारीको मापदण्ड:</u>**

१. दैनिक कम्तीमा १५० लिटर, वार्षिक कम्तिमा ३००दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनुपर्नेछ।

२. दैनिक संकलित दुध/दुग्धजन्य पदार्थ सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई विक्री गरि दुध र दुग्धजन्य पदार्थको बेच विखनको प्रबन्ध गरेको हुनुपर्नेछ।

३. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गरेको हुनुपर्नेछ।

४. स्थायी लेखा नम्वर प्राप्त गरी कर चुक्ता गरेको हुनुपर्नेछ।

५. आफ्नै चिलिङ सेन्टर भएकालाई पहिलो प्राथमिकता दिईनेछ।

६. जिल्ला स्थित सम्बन्धित कार्यालयसंग समन्वय र सहकार्य गरेको हुनुपर्नेछ।

७. विगतका दिनहरुमा दुधको कारोवार गरेको अभिलेख राखेकालाई पहिलो प्राथमिकता दिईनेछ।

८. सहकारीमा आवद्व सबै कृषकहरुको पशु विमा कार्यलाई प्राथमिकता दिईनेछ।

९. रितपूर्वक पेश गरेका सहकारीहरुको आवेदन/प्रस्ताव उपर छानविन तथा मूल्याङकन गर्नका लागी तपशिल अनुसारको मूल्याङकन समिति रहनेछ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

**तुपसिल**

नगर प्रमुख - संयोजक
नगर उप-प्रमुख - सदस्य
आर्थिक विकास समितिका संयोजक - सदस्य
प्रमुख प्रशासकिय अधिकृत - सदस्य
कृषि शाखा प्रमुख - सदस्य
पशु सेवा शाखा प्रमुख - सदस्य-सचिव

१०. मूल्याङ्कन समितिमा पेश भएका आवेदन/प्रस्ताबहरुको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुमोदनका लागी कार्यपालिकामा पेश गर्नुपर्नेछ।

११. अनुदानका लागी छनौट भएका सहकारी संस्थाहहरुसंग कार्यालयले अनुसूचि ४ बमोजिमको सम्झौता गर्नेछ।

१२. दुध संकलन तथा वजारीकरणका लागी छनौट भएका सहकारी संस्थाहरुसंग कार्यालयले अनुसूची ४ बमोजिमको सम्झौता गर्नेछ।

१३. सहकारीहरुले मासिक रुपमा तोकिएको मापदण्ड पुरा गरी दुध ल्याउने कृषकहरुको विवरण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

१४. सहकारीमा दुध ल्याउने कृषकहरुको विवरण प्राप्त भए पछि विनियोजित वजेटको परिधी भित्र रहि त्रैमासिक रुपमा कृषकको बैंक खातामा कार्यालयले उत्पादनमा आधारित अनुदान वापतको रकम प्रति लिटर दुधको रु.१०/- (अक्षरुपि दश) मात्रका दरले हुन आउने कुल रकम उपलब्ध गराउनेछ।

१५. खरिद विक्री मूल्यको अन्तर २०% सम्म हुनेछ साथै आवश्यकता अनुसार खरिद र विक्री मूल्य निर्धारण यसै समितिले गर्नेछ।

१६. प्यूठान नगरपालिकाले दुध संकलन गरी विक्री गर्ने सहकारी संस्थाको समय-समयमा अभिलेख तथा अन्य व्यवस्थापन, गुणस्तरको अनुगमन निरीक्षण गर्नेछ। झुट्टा विवरण राखी पेश गर्ने सहकारीलाई २००% जरिवाना गर्न सकिनेछ।

### ६) दुध उत्पादन गर्ने कृषकको मापदण्ड:

१. दुध शुद्ध र सफा हुनुपर्नेछ।
२. नेपाल सरकारले तोकेको मापदण्ड अनुसार दुधको गुणस्तर कायम भएको हुनुपर्नेछ।
३. कम्तिमा दैनिक २ लिटर वा त्रैमासिक रुपमा कम्तिमा १५० लिटर दुध उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी गराउन सकिनेछ।

### ७) अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था :

बुँदा नं. ६ बमोजिम मापदण्ड पुरा गरेका कृषकहरुको विवरण प्राप्त भएपछि त्रैमासिक रुपले प्रति लिटर रु. १०/- (दश) का दरले हुन आउने कूल रकम कृषकको बैंक खातामा सोझै भुक्तानी गर्नेछ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

८) **थपघट वा हेरफेर गर्न सक्ने:**

१. यो कार्यविधीको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधीमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

## अनुसूची : १

दुग्ध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न ईच्छुक दुग्ध उत्पादक तथा दुधको वजारीकरण गर्ने कृषि सहकारी संस्थाहरुका लागी प्रस्ताव आव्हान।

प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय विजुवार, प्यूठानको चालु आ.व. ................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकाले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन ईच्छुक दुग्ध उत्पादक सहकारी संस्था तथा अन्य दुग्ध उत्पादन र वजारीकरण कार्य गर्ने कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ अनुसारको निवेदन प्यूठान नगरपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएकोछ। अन्य थप विस्तृत जानकारीका लागी प्यूठान नगरपालिकाको पशु सेवा शाखा विजुवारमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय विजुवार, प्यूठान

नगर प्रमुख

## अनुसूची : २

### सहकारी संस्थाले प्यूठान नगरपालिकामा दिने आवेदन पत्रको ढाँचा

मितिः..................

श्रीमान् प्रमुख ज्यू
प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान।

**विषयः** दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति ............................... मा तहाँ कार्यालयबाट प्रकाशित सूचना अनुसार यस संस्था लि. ले उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागी तपशिल अनुसारको विवरण भरी निवेदन पेश गरेकाछौं।

**तपशिल**

१) कूल सदस्य संख्याः

२) गत वर्ष कूल दुध संकलन लि. औषत लि. मासिक लि.

३) संकलित दुध विक्री गर्ने संस्थाको नाम र ठेगानाः

४) मिल्क एनालाईजर प्रयोग भएको/नभएकोः

५) वार्षिक साधारण सभा भएको/नभएकोः

६) वार्षिक साधारण सभा भएको भए गत बर्षको प्रमाणः

७) जम्मा संकलन केन्द्र संख्याः

८) रेकर्ड राखेको/नराखेकोः

९) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने गरेको/नगरेकोः

१०) आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः

११) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः

१२) सहकारी दर्ता नविकरणको प्रमाणः

१३) कुनै प्रकारको कारवाहीमा नपरेको वारेको स्वघोषणाः

१४ कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्डः

१५) कर चुक्ता प्रमाण पत्रः



नगर प्रमुख

अनुसूची : ३

**कार्यक्रम संचालनका लागी संस्थाको छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु:**

| सि.नं. | दर्ता नं. | आबेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दुध संकलन र प्रशोधन गरेको परिमाण लि (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कूल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१. ५० जना सम्म सदस्य संख्या हुने संस्थालाई २० अंक र ५० भन्दा माथी सदस्य संख्या हुने संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ।

२. दैनिक ५०० लि. सम्म दुध संकलन गर्ने सहकारीलाई २० अंक र सो भन्दा माथी दुध संकलन गर्ने सहकारी संस्थालाई २५ अंक प्रदान गर्नुपर्नेछ।

**मूल्याङ्कन समितिका पदाधिकारीहरुको:**

| क्र.सं. | नाम थर | पद | कार्यालय/ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |

प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## अनुसूची: ४

**प्यूठान नगरपालिका र दुध संकलन गर्ने दुग्ध उत्पादक सहकारी संस्था वा अन्य कृषि सहकारी संस्था वीच हुने सम्झौता पत्रको ढाँचा**

प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय विजुवार, प्यूठान यस पछि प्रथम पक्ष भनिने र दुग्ध उत्पादक सहकारी संस्था यस पछि दोश्रो पक्ष भनिने वीच दुध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका सर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएकोछ।

१) यो सम्झौता भएको मिति                देखी लागु हुनेछ।

२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्व सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनिलो रोग लगायत अन्य रोग लागेको र औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य विक्री वितरणमा रोक लगाउने, गाई भैंसीको गोठमा जैविक सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन ढुवानी लगायतमा गुणस्तर फ्याट एस.एन.एफ. र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ।

३) दोश्रो पक्षले उत्पादन स्थल देखि आफुले विक्री गर्ने स्थान सम्म सफा स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नुपर्नेछ।

४) दोश्रो पक्षले आफूमा आवद्व भएका कृषकहरुलाई छनौटको मापदण्ड वनाई मापदण्ड पुरा गरेको कृषकहरुलाई अनुदानका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ। यसरि प्रथम पक्ष समक्ष पेश भएका कृषकहरुको विवरण अनुसार प्रति १ (एक) लि. दुधको अनुदान वापतको रकम रु. ५/- (पाँच) का दरले हुन आउने कूल रकम कृषकको बैंक खातामा त्रैमासिक रुपमा भुक्तानी गर्नेछ।

५) दोश्रो पक्षले यो सम्झौता वमोजिमको कार्य नगरेमा वा उपलब्ध श्रोत/साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंग गर्न सक्नेछ ।

६) यस सम्झौतामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानून वमोजिम हुनेछ।

माथि उल्लेखित सर्तहरु पालन गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |

| **रोहवरमा** | **रोहवरमा** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था: | कार्यालय : |

ईति सम्बत्            साल          महिना        गते        रोज        शुभम्।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय विजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख